नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

## औद्योगिक व्यवसाय (पहिलो संशोधन) विधेयक सम्बन्धी सूचना

औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको "औद्योगिक व्यवसाय (पहिलो संशोधन) विधेयक, २०८३" को मस्यौदा विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम सम्बन्धित सरोकारवाला र सर्वसाधारणको रायका लागि प्रकाशन गरिएको हुँदा सो उपर यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र ipdivision@moics.gov.np मा आफ्नो राय तथा सुझाव प्रतिक्रिया उपलब्ध गराइदिनुहुन अनुरोध छ।

१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः

उद्योग दर्ता प्रक्रिया, परियोजना विवरण तथा स्वीकृत क्षमताका आधारमा उद्योग दर्ता गर्ने प्रणालीलाई थप सरल, पारदर्शी र झन्झटरहित बनाउन; उद्योग गाभिने सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्न; उद्योगको निवेदन, प्रक्रिया र प्रमाणीकरणलाई पूर्ण रूपमा अनलाइन तथा विद्युतीय हस्ताक्षर प्रविधिमा आधारित बनाउन; उद्योग दर्ता छिटोछरितो गर्न; उद्योगको वर्गीकरण सीमा परिमार्जन गर्न; एकल विन्दु सेवा केन्द्रलाई पूर्ण रूपमा एकीकृत डिजिटल प्रणालीमा सञ्चालन गर्न लगायत।

२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावःक

<u>मौलिक हकमा पर्ने प्रभावः</u>

साना, मझौला तथा स्टार्टअप उद्यमको प्रवर्धन र प्रविधिमैत्री दर्ता प्रक्रियाले थप उद्योग तथा रोजगारी सिर्जना भई रोजगारीको हक र श्रमको हकमा सकारात्मक प्रभाव पर्ने।

<u>मानव अधिकारमा पर्ने प्रभावः</u>

श्रमको अधिकार, महिला उद्यमीहरूको आर्थिक अधिकार तथा मर्यादित काम लगायतका मानव अधिकारका विषयमा सकारात्मक प्रभाव पर्ने।

३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः

उद्योग दर्ता, स्वामित्व हस्तान्तरण, प्रतिवेदन तथा एकल विन्दु सेवा केन्द्रका अनुपालन प्रक्रियाहरू पूर्ण रूपमा विद्युतीय माध्यमबाट हुने हुँदा समय, लागत र प्रशासनिक जटिलता घट्न गई व्यवसाय सञ्चालन सहजता (Ease of Doing Business) मा उल्लेख्य सुधार आउनेछ। साथै, स्टार्टअप र सहुलियतपूर्ण कोषको परिचालनले वित्तीय प्रणालीमा समावेशिता र राजस्व सङ्कलनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासिल गर्न पुग्ने सहयोगः

मुलुकमा मर्यादित रोजगारी सिर्जना, समावेशी तथा दिगो औद्योगिकीकरण, नवप्रवर्तन (Innovation), स्टार्टअप प्रवर्धन तथा साना/महिला उद्यमशीलता सुदृढीकरण हुने हुँदा दिगो विकास लक्ष्य ८ (मर्यादित काम र आर्थिक वृद्धि) र लक्ष्य ९ (उद्योग, नवप्रवर्तन र पूर्वाधार) हासिल गर्न प्रत्यक्ष सहयोग पुग्नेछ।

५. विधेयकको व्यवस्थाबाट सुशासनमा पर्ने प्रभावः

विद्युतीय हस्ताक्षर, डिजिटल प्रणालीको प्रयोग र एकल विन्दु सेवा केन्द्रको आधुनिकीकरणले प्रशासनिक प्रक्रियामा पारदर्शिता, जवाफदेहिता र सुशासनको स्तर वृद्धि गर्नेछ। नियमनकारी निकायहरूबिचको डिजिटल अन्तरसम्बन्धले ढिलासुस्ती र अनियमितता न्यूनीकरण गर्न मद्दत पुग्नेछ।

मिति: २०८३/०५/११

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

# औद्योगिक व्यवसाय (पहिलो संशोधन) विधेयक, २०८३

औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "औद्योगिक व्यवसाय (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ३ मा संशोधन: औद्योगिक व्यवसाय ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः

"(१) उद्योग स्थापना वा सञ्चालन गर्नु अघि यस ऐन बमोजिम उद्योग दर्ता गराउनु पर्नेछ।"

(२) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः

"(५क) उपदफा (४) बमोजिम एकाइको पुँजी समेतलाई मुख्य उद्योगको पुँजीमा नै गणना गरिनेछ।"

(३) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः

"(७) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि नियमनकारी निकाय वा लगानी बोर्डको कार्यालयबाट स्वीकृत पुँजी तथा क्षमता खुलेको परियोजना विवरण वा पुँजी तथा क्षमता खुलेको इजाजतपत्रका आधारमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो परियोजना विवरण वा इजाजतपत्रका आधारमा उद्योग दर्ता गरिदिनु पर्नेछ।"

३. मूल ऐनमा दफा ३क. थपः मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थपिएको छः

"३क. उद्योग गाभी दर्ता गरिदिनु पर्नेः (१) प्रचलित कानून बमोजिम दुई वा सो भन्दा बढी कम्पनी गाभिई उद्योग दर्ता गर्ने निकायमा गाभिनका लागि निवेदन प्राप्त भएमा यस ऐन बमोजिम त्यस्ता उद्योगलाई एक आपसमा गाभी दर्ता गरिदिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उद्योग गाभिने सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।"

४. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को,-

(१) उपदफा (१) को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः

"(च) मझौला र ठूला उद्योग।"

(२) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः

"(५) उपदफा (१) बमोजिम निवेदन दिंदा निवेदनसाथ संलग्न गर्नुपर्ने विवरण वा कागजात विद्युतीय माध्यम (अनलाइन) बाट समेत पेश गर्नु पर्नेछ र तत्सम्बन्धी कागजातको प्रमाणीकरण विद्युतीय हस्ताक्षरको माध्यमबाट गर्नु पर्नेछ।"

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

५. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः

"(३) उपदफा (२) बमोजिमको निवेदन र सोसँग सम्बन्धित कागजात जाँचबुझ गर्दा आवश्यक विवरण वा कागजात संलग्न भएको देखिएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित निकायको राय लिई आफ्नो रायसहित सात दिनभित्र निर्णयको लागि बोर्ड समक्ष पेश गर्नु पर्नेछ।"

६. मूल ऐनको दफा १२क. मा संशोधनः मूल ऐनको दफा १२क. को सट्टा देहायको दफा १२क. राखिएको छः

"१२क. स्वामित्व हस्तान्तरण वा परिवर्तन भएमा जानकारी दिनु पर्नेः (१) कुनै उद्योगको स्वामित्व हस्तान्तरण वा परिवर्तन भएमा सम्बन्धित उद्योगले पन्ध्र दिनभित्र सोको जानकारी उद्योग दर्ता गर्ने निकायमा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उद्योगको स्वामित्व हस्तान्तरण वा परिवर्तन सम्बन्धमा प्राप्त हुन आएको जानकारीको उद्योग दर्ता गर्ने निकायले अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।"

७. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ को उपदफा (१) को खण्ड (ग), (घ) र (ङ) को सट्टा देहायको खण्ड (ग), (घ) र (ङ) राखिएको छः

"(ग) साना उद्योगः लघु उद्यम र घरेलु उद्योग बाहेकको पच्चिस करोड रुपैयाँसम्म स्थिर पुँजी भएको उद्योग,

(घ) मझौला उद्योगः पच्चिस करोड रुपैयाँभन्दा बढी पचहत्तर करोड रुपैयाँसम्म स्थिर पुँजी भएको उद्योग,

(ङ) ठूला उद्योगः पचहत्तर करोड रुपैयाँभन्दा बढी स्थिर पुँजी भएको उद्योग।"

८. मूल ऐनको दफा २० मा संशोधनः मूल ऐनको दफा २० को,-

(१) उपदफा (१) को खण्ड (घ) मा रहेका "(उद्योग सम्बन्धी विषय हेर्ने)" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपदफा (१) को खण्ड (झ) मा रहेका "लगानी बोर्ड नेपाल" को सट्टा "लगानी बोर्डको कार्यालय" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (१) का "खण्ड (ट), खण्ड (ठ), खण्ड (ड) र खण्ड (ढ)" झिकिएका छन्।

(४) उपदफा (३) मा बोर्डले आवश्यकता देखेमा पछि "निजी क्षेत्रको प्रतिनिधि," भन्ने शब्दहरु थपिएका छन्।

९. मूल ऐनको दफा २१ मा संशोधनः मूल ऐनको दफा २१ को उपदफा (१) को खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राखी देहायको खण्ड (ढ) थपिएको छः

"(ड) अनुसूची-१ बमोजिम अनुमति लिनु पर्ने उद्योगको सम्बन्धमा मापदण्ड बनाई लागु गर्ने गराउने,

(ढ) तोकिए बमोजिमका अन्य कार्य गर्ने वा गराउने।"

१०. मूल ऐनको दफा २९ मा संशोधन : मूल ऐनको दफा २९ को खण्ड (त) को सट्टा देहायको खण्ड (त) राखिएको छः

"(त) कुनै पनि उद्योगले प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृतिमा विदेशी बैंक तथा वित्तीय संस्था वा सम्बन्धित देशको प्रचलित कानून बमोजिम संस्थापित पुँजीकोषबाट परियोजना ऋण (प्रोजेक्ट लोन) वा परियोजना लगानी (प्रोजेक्ट फाइनान्सिङ) सम्झौता गरी ऋण लिन सक्ने, "

११. मूल ऐनमा दफा २९क. थप: मूल ऐनको दफा २९ पछि देहायको दफा २९क. थपिएको छः

"२९क. औद्योगिक कच्चा पदार्थ आयातमा सहजीकरण: उद्योग सञ्चालनका लागि आवश्यक पर्ने स्वदेशमा उपलब्ध नभएको वा पर्याप्त मात्रामा उपलब्ध नभएको औद्योगिक कच्चा पदार्थ उद्योग दर्ता गर्ने निकायले उद्योग सञ्चालन, कच्चा पदार्थको खपत र उत्पादनको परिमाणको आधारमा आयातका लागि सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ।

१२. मूल ऐनको दफा ३७ मा संशोधनः मूल ऐनको दफा ३७ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपी ऐ. दफाको उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः

"(३क) एकल विन्दु सेवा केन्द्रमार्फत प्रदान गरिने सेवा एकीकृत डिजिटल प्रणाली स्थापना गरी प्रदान गर्न सकिनेछ ।

(४) एकीकृत डिजिटल प्रणालीको सञ्चालन, व्यवस्थापन, सुरक्षा, सूचना आदानप्रदान र एकल विन्दु सेवा केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

१३. मूल ऐनको दफा ४३ मा संशोधनः मूल ऐनको दफा ४३ को उपदफा (३) र (५) झिकिएका छन्।

१४. मूल ऐनको दफा ५१ मा संशोधनः मूल ऐनको दफा ५१ को,-

(१) उपदफा (२) को खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः

"(ङ) नेपाल सरकारले उपलब्ध गराएको सहुलियतपूर्ण कर्जा लगानीबाट फिर्ता भएको साँवा र ब्याज समेतको रकम।

(२) उपदफा (३) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखि देहायको खण्ड (च) थपिएको छः

(ङ) महिला उद्यमशीलता विकास,
(च) स्टार्टअप उद्यम विकास।"

१५. मूल ऐनको दफा ६८ मा संशोधनः मूल ऐनको दफा ६८ को उपदफा (१) को खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राखि देहायको खण्ड (ठ) र (ड) थपिएको छः

"(ट) व्यावसायिक सामाजिक जिम्मेवारी सम्बन्धी,
(ठ) लघु उद्यम तथा उद्यमशीलता विकास सम्बन्धी,
(ड) नवप्रवर्तन तथा स्टार्टअप उद्यम सुविधा सम्बन्धी।"